**बैठक संख्या:**

**श्री:**

आज मिति २०७७ साल बैशाख ०४ गते विहानको ८:०० बजेट प्रमुख श्री धीरज शर्मा बस्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छ ।

**उपस्थिति**

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री: धीरज शर्मा बस्याल प्रमुख | प्रमुख |
| २. | | श्री: मायादेवी पौडेल उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री: मोतिलाल सुनार वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | | श्री: दया दर्लामी वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | | श्री रुद्र प्रसाद न्यौपाने वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | | श्री: रविन्द्रविक्रम हमाल वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ७. | | श्री: रेश्मीराज भट्टराई वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ८. | | श्री: रोहीत थारु वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ९. | | श्री: धुव थारु वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १०. | | श्री: कविराज आचार्य वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| ११. | | श्री: चन्द्रकान्त चापागाई वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १२. | | श्री: राजु मिश्र वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १३. | | श्री: तीर्थराज फौज्दार वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १४. | | श्री: मानबहादुर मल्ल वडाध्यक्ष, वडा नं. १२ | सदस्य |

| | | | |
|---|---|---|---|
| १५. | | श्री: नर बहादुर चौधरी वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १६. | | श्री: केशवबहादुर खत्री क्षेत्री वडाध्यक्ष, वडा नं. १४ | सदस्य |
| १७. | | श्री: बलबहादुर बलाल वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १८. | | श्री: सुक बहादुर गुरुंग वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| १९. | | श्री: ईशा सुनार | सदस्य |
| २०. | | श्री: अम्बिका देवी उपाध्याय | सदस्य |
| २१. | | श्री कविता रायमाझी | सदस्य |
| २२. | | श्री: बुद्धिमाया सुनार | सदस्य |
| २३. | | श्री: प्रतिमाकुमारी चौधरी | सदस्य |
| २४. | | श्री: वेचन प्रसाद ठाकुर (।।हजाम) | सदस्य |
| २५. | | श्री: लल्लन प्रसादविन | सदस्य |
| २६. | | श्री: लुकुडी चमार | सदस्य |
| २७. | | श्री: मेघ नाथ पाध्या | सचिव |
| | | व्यवस्थापन टोली | |
| | | श्री पुष्कर काफ्ले | कार्यक्रम अधिकृत |
| २९. | | श्री विष्णु लाल पुरी | लेखा अधिकृत |
| ३० | | श्री गोपाल चौधरी | सूचना प्रविधि अधिकृत |
| ३१ | | कृष्ण वहादुर थापा क्षेत्री | सहायक पाँचौ |

बुटवल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, नव पारासी
५ नं. प्रदेश
नेपाल

**प्रस्तावहरुः**

१. शुभकामना सन्देश सम्बन्धमा ।
२. लकडाउन सम्बन्धि जानकारी गराउने सम्बन्धमा ।
३. दोस्रो चरणको राहत वितरणको यथार्थ नाम नामेसी सम्बन्धमा ।
४. आय-व्यय सम्बन्धमा ।
५. राहत सामाग्रीको दररेट जानकारी गराउने ।
६. आगलागि पिडितलाई राहत सम्बन्धमा ।
७. पैदलयात्रुहरुलाई व्यवस्थापन गर्ने सम्बन्धमा ।

*निर्णय नं. १*

आउदै गरेको नव वर्ष, २०७७ ले स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नगरवासी आमा-वुवा, दिदी-वहिनी, दाजु-भाइ तथा सबै राष्ट्र सेवक कर्मचारीहरुमा यस विषम परिस्थितिमा धैर्य, सम्यम्ता तथा सावधानीका साथ विश्ववापी माहामारीसंग जुध्ने सामर्थ्य प्राप्त होस र यो माहामारीका रुपमा रहेको कोरोना भाइरस संगको युद्धमा हामिले विजय प्राप्त गर्न सकौ साथै २०७७ सालको थालनीबाट नै यो माहामारीको प्रकोप कम हुदै गई सम्पूर्ण मानवजातीको सम्वृद्धि कायम गर्ने बाटो तर्फ नयाँ आयामहरुको थालनी गर्न सकियोस भनि शुभकामना व्यक्त गर्दछौ ।

*निर्णय नं. २*

प्रस्ताव नं. २ माथि छलफल गर्दा नोभेल कोरोना भाइरस COVID-19 संक्रमण, रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले २०७६ बैशाख १५ गते सम्म लकडाउन समेत गरेकोले सो अवधि सम्मका दिनहरुमा आ–आफ्नो वडा बासीहरु तथा नगरबासी सबैलाई लकडाउन पूर्ण पालना गर्नमा सहयोग पुर्‍याई निम्नानुसार गर्ने/गराउने निर्णय गरियो ।

तपशिल

- तरकारी, फलफुल लगायतका अन्य खाद्यवस्तु विक्रि वितरण गर्ने पसलहरुमा भीडभाड नहुने, माक्स र स्यानिटाइजरको प्रयोग गर्ने र ग्राहकहरु बीच न्यूनतम १ मिटरको भौतिक दूरी कायम हुने गरी विहान ७:०० देखि ११:०० वजे सम्म सञ्चालन गर्न सहजीकरण गर्ने । यदी अटेर गरेमा कार्वाहीको लागि सिफारिस गर्ने ।
- मासुजन्य (कुखुराको मासु/माछा/खसी/राँगाको मासुहरु) विक्रि वितरणमा पूर्णता रोक लगाउने ।
- रातको समयमा विभिन्न नाकाहरुबाट अवैध रुपमा भित्रीने व्रोईलर कुखुरालाई भित्रिन नदिन नाकाहरुमा सुरक्षा निकायलाई परिचालन गर्ने ।
- आपूर्ति व्यवस्थापनलाई सहज बनाउन हरेक वडामा वडाअध्यक्षको संयोकत्वमा स्थानीय प्रहरीको प्रतिनिधीत्व हुने गरी समिति गठन गर्ने । उक्त समितिले वडा भित्रका टोलविकास संस्थाहरु संग समन्वय गरी बन्दाबन्दिको अनुगमन गर्ने ।
- तरकारी तथा फलफुलहरु अन्य स्थानीय तहबाट यस नगरपालिका भित्र आपूर्ति गर्न रोक लगाउने ।
- सामुहिक आवास रहेका स्थानहरु (धर्मशाला, मन्दिर, बौद्धविहार, मस्जीद र चर्च आदि) लगायत वडा भित्रका अनौपचारिक क्षेत्र मा दैनिक जम्मा हुने, भिडभाड गर्ने गरेको

पाईएकोले सुरक्षा निकायको समन्वयमा त्यस किसिमका कार्य तत्काल बन्द गर्ने । र ती व्यक्तिहरुको अवस्था पहिचान गर्न अनुगमन गरी लगत संकलन गर्ने ।

- नगरक्षेत्र भित्रका भित्री बाटोमा रातको समयमा अनावश्यक व्यक्तिहरुको आवागन हुने, तरकारी लगायतका गैह्र सामाग्री भित्राउने जस्ता कार्य गरी स्थानीयस्तरमा दिनानुदिन डरत्रास सृजना हुदै गएकोले मूल बाटो भन्दा बाहेकका भित्री बाटोहरुमा आवतजावत तथा ढुवानी हुन नदिने ।
- बर्दघाट नगरपालिकाबाट भारत लगायत अन्य मुलुकमा वैदेशीक रोजगारको शिलशिलामा विदेशमा कार्यरत रहेका व्यक्तिहरुको नामावली संकलन गर्ने ।
- बर्दघाट नगरपालिकाबाट कामकाजको शिलशिलामा अन्य स्थानीय तह (पालिका) मा गै कार्यरत रहनु भएकोमा लकडाउनका कारण घर (यहाँ) आउन नसकेर रोकिनु भएका तथा अन्य पालिकाका यस नगरपालिकामा कामकाज गरि बस्नु भएका (घर जान चाहने) व्यक्तिहरु कुन कुन ठाउँ मा कति जना हुनुहुन्छ उहाँ हरुको नामावली तत्काल संकलन गर्ने ।

*निर्णय नं.३*

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नोभेल कोरोना भाईरस COVID-19 को माहामारीले गर्दा लकडाउनको अवधिमा नगरक्षेत्र भित्र बसोबास गर्ने दैनिक ज्याला मजदुरी गर्ने पिडित घर परिवारको प्रथम चरणमा संकलित घरधुरी विवरण जम्मा-२५२१ लाई राहत वितरण गरिएकोमा निजहरुलाई दोस्रो चरणको राहत वितरण गर्न यथार्थ घरधुरी संख्यात्मक विवरण सवै वडा कार्यालयहरु बाट नाम नामेसी प्राप्त भएकोले अति विपन्न नागरिक, श्रमिक, मजदुर कार्यका लागि राहत प्याकेज सामाग्री चामल-१० के.जी., तेल-१/२ लिटर, दाल-२ के.जी., नुन-१ पोका प्रति जना-५ हुने गरि एक परिवारलाई प्याकेजका दरले वितरण प्रणाली अपनाई यथाशीघ्र वितरण गर्ने र राहत पाउनेको यथार्थ घर परिवार संख्या सम्बन्धित वडा अध्यक्ष, वडा समिती तथा वडा कार्यालयले तत्काल उपलब्ध गराउने निर्णय गरियो ।

*निर्णय नं. ४*

प्रस्ताव नं. ४ माथि छलफल गर्दा प्रकोप व्यवस्थापन कोषमा हाल सम्म प्राप्त भएको नगद तथा जिन्सी आय-व्ययको विवरण देहायवमोजिम जानकारी लिईयो ।

तपशिल

| क्र.सं. | विवरण | नगद रु. | जिन्सी सामान रु. | खर्च रकम रु. |
|---|---|---|---|---|
| १ | आय-व्यय<br><br>(जनप्रतिनिधी र कर्मचारी समेत) | २८८२९०५.० | चामल:- ९२८५ के.जी.<br>दाल :-३०० के.जी.<br>नून :-३०० पोका<br>तेल :-५५ लिटर<br>सावुन :-२०४ वटा<br>क्लोरिन र ब्लीचिंग पावडर :-१२५<br>पि.पि.ई :-४३<br>मास्क :-५५० पिस<br>बाल्टीमग :-५ थान | १०५००००.० |

*निर्णय नं. ५*

प्रस्ताव नं. ५ माथि छलफल गर्दा नोभेल कोरोना भाईरस COVID-19 को माहामारीले गर्दा लकडाउनको अवधिमा नगरक्षेत्र भित्र बसोबास गर्ने दैनिक ज्याला मजदुरी गर्ने पिडित घर परिवारलाई दोस्रो चरणको राहत वितरण गर्न यस नगरपालिका अन्र्तगत रहेका बर्दघाट उद्योग वाणीज्य संघ, व्यापार संघ र वजार विकास समितिहरु संग राहत सामाग्री वितरणको लागि माग गरिएको दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

*निर्णय नं. ६*

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. १५ बस्ने भुलबहादुर थापाले मेरो घर मितिः २०७६/१२/२८ गतेका दिन आग्जनी भै घरमा भएको लत्ताकपडा, भाडा, अन्नपात, चौपाया जलेर नष्ट भएकोले राहत पाउँ भनि बर्दघाट नगरपालिका, १५ नं. कार्यालयको च.नं. ३१४१ मितिः २०७६/१२/३० को प्रहरी मुचुल्का सहित सिफारिस प्राप्त भएकोले निज आग्जनी पिडितलाई प्रकोप व्यवस्थापन कोषबाट घर निर्माण गर्न रु.९०,०००/-(रुपैया नब्बे हजार मात्र) रकम उपलव्ध गराउने निर्णय गरियो ।

*निर्णय नं.७*

प्रस्ताव नं. ७ माथि छलफल गर्दा नोभेल कोरोना भाईरस COVID-19 को माहामारी को कारण नेपाल सरकारबाट घोषणा गरेको लकडाउनको अवधिमा बर्दघाट नगरपालिका भन्दा वाहिरका पालिकाका व्यक्तिहरु कामकाजको शिलशिलामा अन्य स्थानीय तह (पालिका) मा गै ज्यालामजदुरी गरी बस्नु भएकोमा लकडाउनका कारण घर जान नसकी दिनानुदिन पूर्व-पश्चिम लोकमार्गमा ठूलो संख्यामा पैदलयात्रुको आवागमन भैरहदा निजहरुको अवस्था अत्यन्त दयनिय हुदै गएको परिप्रेक्षमा संघीय र प्रदेश सरकारले त्यस्ता पैदलयात्री लाई खाना, बस्न र यातायातको सवारी साधन प्रयोग गरी यात्रुको घर सम्म पुर्याउने व्यवस्था मिलाउने भन्ने योजना रहेकोले यस नगरपालिका ०५ नं. प्रदेशको मूल प्रवेशद्धार भै दैनिक रुपमा ठूलो संख्यामा पश्चिम वाँके, वर्दिया, कैलाली, कञ्चनपुर सम्म जाने पैदलयात्रुको आवगमन भएकोले निजहरुलाई नगरपालिकाले खाना, /नास्ता र आफ्नो प्रदेश भित्र यातायातको सवारी साधनबाट सुरक्षित रुपमा घर सम्म पठाउने व्यवस्था मिलाउने । साथै सो कार्यमा लाग्ने सम्पूर्ण खर्च प्रकोप व्यवस्थापन कोषबाट व्यहोर्ने निर्णय गरियो ।